puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

# स्थानीय सरकार
# पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प. सं. : २०८१।०८२
सूचना नं. : १२

मिति : २०८१।०९।२३ गते
(ने. सं ११४५ पोहेलाथ्व, ८ मङ्गलवार)

श्री पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका,
आधारभूत तह कक्षा (८) सञ्चालित सामुदायिक विद्यालयहरु सबै ।

**गाउँपालिका स्तरीय आधारभूत तह (कक्षा ८) को वार्षिक परीक्षाको आवेदन फाराम भराउने सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८१ को आधारभूत तह (कक्षा ८) को वार्षिक परीक्षाको आवेदन फाराम कक्षा – ८ सञ्चालित सबै सामुदायिक विद्यालयहरुले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गरी विद्यालयको नाम र विद्यार्थीको व्यक्तिगत विवरण (विद्यार्थीको नाम, थर, जन्म मिति, बाबु आमाको नामथर र अन्य विवरण समेत) जन्म दर्ताको आधारमा पछिसम्म फरक नपर्ने गरी रुजु गरी शुद्धाशुद्धी हेरी पुनः IEMIS मा प्रविष्ट गरी आवेदन फाराम सँगै विद्यार्थीको जन्म – दर्ताको प्रमाणित प्रतिलिपि र आवेदन फाराम विवरणको प्रमाणित प्रतिलिपि संलग्न गरी (२/२) प्रति पुथा उत्तरगङ्गा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा यहीं मिति २०८१ साल माघ २५ गते सम्म अनिवार्य रुपमा बुझाउनुहुन र अन्य विषयमा तपसिल अनुसार गर्नुहुन सरोकारवाला सबैमा सूचित गरिन्छ ।

ध्रुव वि. क.
प्रमुख प्रशासकीय अधिकृत

**तपसिलः**

१. विद्यार्थीको नाम, जन्म मिति, बाबु – आमाको नामथर र अन्य विवरण जन्म दर्ताको आधारमा पठाउनुपर्नेछ । साथैं जन्म दर्ताको सक्कल प्रमाण - पत्र हेरी प्रधानाध्यापकले प्रतिलिपि (फोटोकपी) रुजु गरी प्रमाणित समेत गरेर जन्म दर्ताको १ प्रति प्रतिलिपि, कक्षा ८ को रजिष्ट्रशन फाराम र कक्षा ७ उतीर्ण गरेको ग्रेड सिट र सर्टिफिकेटको प्रतिलिपि संलग्न गरी पठाउनुपर्नेछ ।
२. परीक्षा आवेदन फाराम विद्यालयले आफ्नो IEMIS मा Login गरी Exam Manage मा गएर Application Form एक पेजमा आउने गरी २ प्रति Print गरी Student Signature, Parent's Signature र Head Teacher's Signature गर्न लगाई सबै आवश्यक कागजातहरू संलग्न गर्ने र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्ने ।
३. आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षा (पुथा उत्तरगङ्गा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले तयार गरी गाउँसभाबाट स्वीकृत <u>आधारभुत तह कक्षा ८ उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०</u> अनुसार सञ्चालन गरीनेछ । साथैं परीक्षा समय तालिका अर्को सूचना मार्फत पछि जानकारी गराइनेछ ।

**बोधार्थः**
**श्री सूचना तथा प्रविधि शाखाः सूचना वेवसाइटमा अपलोड गर्नुहुन ।**

puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प. सं. : २०८१।०८२
सूचना नं. : १५

मिति :२०८१।०९।२३ गते
(ने. सं ११४५ पोहेलाथ्व, ८ मङ्गलबार)

**श्री पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका,**
**आधारभूत तह कक्षा ८ सञ्चालित सामुदायिक विद्यालयहरु सबै ।**

**विषयः <u>आधारभूत तह कक्षा ८ को प्रयोगात्मक अङ्क प्रविष्ट सम्बन्धमा</u> ।**

प्रस्तुत विषयमा पुथा उत्तरगङ्गा गाउँपालिका स्तरीय आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षाको आन्तरिक अङ्क (प्रयोगात्मक) प्रविष्ट गर्न यस पुथा उत्तरगङ्गा गाउँपालिका भित्र कक्षा ८ सञ्चालित सामुदायि विद्यालयहरूले तपसिल अनुसारको प्रक्रिया प्रयोग गरी मिति २०८१।१०।२० गते भित्र अङ्क प्रविष्ट गरी/ गराई प्रमाणित Hard Copy गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुहुन सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

१) कुनै Internet Browser को प्रयोगबाट www.emis.cehrd.gov.np मा गई User Name मा आफ्नो विद्यालयको IEMIS Code र Password राखि Login गर्ने Dashboard खुल्छ ।

२) Dashboard अन्तर्गत Manage Exam मा गई Marks Entry Class (8) Final मा Click गरी Year 2081 छनोट गरी Load गर्ने । त्यसपछि विद्यार्थीहरूको प्रत्येक विषयको प्रमाणित Hard Copy मा भएको अङ्क Participation (4), Practical / Project (36) र Total Terms (10) गरी जम्मा आन्तरिक अङ्क ५० अङ्क राखी Save गर्ने । यदि कुनै विद्यार्थी परीक्षामा सहभागी नहुने भएमा अङ्क प्रविष्ट गर्नुभन्दा पहिले नै उक्त विद्यार्थीलाई Is Absent मा Click गरिदिने ।

२०८१।०९।२३
ध्रुव वि. क.
**प्रमुख प्रशासकीय अधिकृत**

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
**श्री सूचना तथा प्रविधि शाखाः सूचना वेवसाइटमा अपलोड गर्नुहुन ।**